लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
भैरहवा, रूपन्देही

सम्पर्कः ०७१-५९०१३०, ५९०१३१

पत्र संख्याः २०८०/०८१
च. नं.: ५०२

मिति : २०८०/१२/३०

श्री जिल्ला प्रशासन कार्यालय,
भैरहवा, रुपन्देही ।

विषय : स्वतः प्रकाशन विवरण पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कार्यलयको चालु आ. व. ०८०/८१ को तेस्रो त्रैमासिक (०८०/१०/१ देखि ०८०/१२/३०) सम्मको अवधिमा भए/गरेका काम कारवाहीहरुको विवरण तयार गरी यसै पत्र साथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ ।

.............
शिव प्रसाद अर्याल
प्रमुख

शिव प्रसाद अर्याल
प्रमुख

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरीएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नाम – कृषि ज्ञान केन्द्र, रुपन्देही

सूचना सार्वजनिक गरेको मिति -२०८० माघ १ देखि २०८० चैत्र ३० सम्म

१. निकायको स्वरुप र प्रकृति

देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि विकासको अपरिहार्यतालाई अंगिकार गर्दै कृषिको उन्नत प्रविधिको प्रचार प्रसार मार्फत कृषिको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी कृषकको जीवनस्तर उठाउने उद्देश्यले लुम्बिनी प्रदेश, मन्त्रिपरिषद्को मिति २०७८ मंसिर १६ गतेको निर्णयबाट रुपन्देही जिल्लाको कृषि क्षेत्र हेर्ने गरी वि. स. २०७८ पौष २३ गते देखि यस रुपन्देही जिल्लामा कृषि ज्ञान केन्द्रको नियमित कामकाज शुरु भएको हो । यस केन्द्र मार्फत कार्यक्रम सञ्चालनको लागि प्राविधिक शाखाको रुपमा कृषि प्रविधि तथा विस्तार शाखा, बाली प्रवर्द्धन शाखा, योजना तथा तथ्याङ्क शाखा रहेका छन् । त्यसैगरी प्रशासनिक कार्यको लागि प्रशासन शाखा रहेका छ । जिल्लाको भौगोलिक संम्भाव्यता, अनुकुल हावापानी, सुगमता, सिंचाई, विजुली र वजार समेतलाई ध्यानमा राखी कृषि विकास रणनिती र सहस्रब्दी बिकास लक्ष्यले निर्दिष्ट गरेका प्राथमिकता प्राप्त बाली वस्तु र पकेटको पहिचान गरी, भौगोलिक पूर्वाधारको आधारमा कृषक समूह, सहकारी, उद्यमीहरु मार्फत प्राविधिक सेवा टेवा पुऱ्याउने लक्ष्य लिएको छ । लैगिंक विकासको आधारलाई ध्यानमा राखी कृषि विकास सँग सम्वन्धित कार्यक्रमहरुलाई महिला, जनजाति,दलित, विपन्न क्षेत्रमा वसोवास गर्दै आई रहेका कृषकहरुलाई प्राथमिकता दिदै व्यबसायिक एवं दिगो विकास सँग सम्बन्धित कृषि कार्यक्रम सञ्चालन गर्ने पद्धतिको सुरुवात गर्दै आएका छौं । यिनै वास्तविकतालाई ह्दयांगम गरी कृषि विकास र वातावरण संरक्षणबीच सन्तुलन कायम राख्दै उपलव्ध कृषि भूपर्यावरणीय क्षेत्र तथा हावापानी सुहाउँदो र तुलनात्मक रूपमा लाभप्रद कृषि व्यवसायको विविधीकरण तथा सघन रूपमा व्यवसायीकरण गरी स्वनिर्वाहमुखी परम्परागत - खेती प्रणालीलाई आय तथा रोजगारमूलक, आधुनिक, बजारमुखी खेती प्रणालीमा रूपान्तरण गर्ने कृषि ज्ञान केन्द्रको मुख्य नीति रहेको छ ।

२. निकायको सोच

- गुणस्तरिय कृषि सामाग्री, प्रविधि र प्राविधिकको सहज पहुँच बढाउने।
- व्यवसायिक, यान्त्रिक, आधुनिक र प्रतिस्पर्धी कृषि प्रणालीको विकास गर्ने।
- खाद्य तथा पोषण सुरक्षा गर्दै गरिवी निवारण र आर्थिक विकासमा टेवा पुर्याउने।
- 

३. निकायको उद्देश्य

- सम्भाव्यता तथा भौगोलिक विषेशताका आधारमा कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।
- निर्वाहमुखी कृषि प्रणालीलाई नाफामुलक, दिगो एवं व्यवसायिक प्रणालीमा रुपान्तरण गर्ने।
- कृषिमा आधारित उद्योग विकास गरी रोजगारी एवं आयस्तर वृद्धि गर्ने।
- कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्याउने ।

शिव प्रसाद अर्याल
प्रमुख

- Adaptive research संचालन गरी प्रविधि विस्तार, verification गर्ने।
- कृषि उपजहरुको बजार व्यवस्था एवं कृषिजन्य लघुउद्यमहरुलाई बढावा दिई गैर फार्म रोजगारी वृद्धि गर्ने।
- कृषि विकास र वातावरण संरक्षणबीच सन्तुलन कायम राख्ने।

४. निकायको काम, कर्तव्य र अधिकार

- स्थान विशेषको संभाव्यताको आधारमा बाली विशेष क्षेत्रहरुको पहिचान गरी संभाव्य बालीको व्यवसायिक उत्पादनमा जोड दिने।
- कृषि उद्यमी, निजी क्षेत्र, अनुसन्धान केन्द्र, कृषि विश्वविद्यालयको सहभागितामा कृषि प्रविधिहरुको विकास टेवा पुर्याउन प्रचार प्रसार गर्ने र श्रोत केन्द्रहरुको विकास एवं विस्तार गर्ने ।
- कृषि मूल्य र बजार सूचनाहरुको संकलन,विश्लेषण र प्रवाह गर्नुका साथै बजार व्यवस्थापनका लागि आवश्यक पूर्वाधारको विकास गर्ने।
- कृषि उत्पादनलाई कृषिजन्य उद्योगसँग आवद्ध गराउँदै उत्पादन र उद्योगबीच तादम्यता राख्ने।
- भू-वनोटको अधिकतम सदुपयोग गरी बाली विविधिकरण, व्यवसायीकरण, व्यवसाय प्रवर्द्धनमा सहयोग पुग्ने किसिमका उत्पादन कार्यक्रम संचालन गर्ने।
- सिंचित क्षेत्रमा सघन बाली उत्पादन, साना सिंचाई लगायत कृषि उत्पादनशील क्षेत्रमा जलश्रोतको सदुपयोगमा प्राथमिकता दिने।
- पिछडिएका कृषक, महिलाको उत्थानलाई लक्षित गरी कृषि विकासका कार्यक्रम संचालन गर्ने ।
- कृषि पर्यटनको विकास तथा विस्तारमा जोड दिने।
- स्थानीय, रैथाने, लोपोन्मुख बाली वस्तुहरुको संरक्षण, सम्वर्द्धन तथा उपयोगमा बढावा दिने।
- खेतीयोग्य जग्गा बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्दै बाँझो जग्गा सदुपयोगका लागि योजना, कार्यक्रम कार्यान्वयनमा जोड दिने।
- कृषिउपज उत्पादन, प्रशोधन, भण्डारण एवं वितरण प्रणालीमा प्रविधि विकास, अनुसरण, अवलम्बन, उत्पादन र भण्डारणका क्रममा हुने हानी नोक्सानी न्युनीकरण प्रविधि अवलम्वनमा जोड दिने।
- प्रदेश सरकार मार्फत सन्चालन हुने कृष विकास कार्यक्रम, सामाग्री आपुर्ती, उत्पादन, उत्पादनोपरान्त व्यवस्थापन एवं बजारीकरण तथा आयोजना सन्चालनमा कार्यान्वयन ईकाईको रुपमा कार्य गर्ने,
- प्रदेश सरकारले तोकेका कृषि सम्बन्धी नियमक कार्यहरु गर्ने ।
- गुणस्तरिय मल, बीउवजिन तथा विरुवाको आपुर्ती व्यवस्थापनमा समन्वय गर्ने ,
- माटो तथा मल, बाली संरक्षण र वीउविजन परीक्षण सम्वन्धी सामान्य प्रयोगशाला सेवा,
- प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिक तथा व्यवसायिक कृषक र व्यवसायीहरुको लागि कृषि सँग सम्वन्धित वशिष्टिकृत ज्ञान, सिप प्रदान गर्न विषयगत तालिम सञ्चालन गर्ने,
- आर्थिक महत्वका स्थानिय कृषि जैविक विविधताको पहिचान, संरक्षण र उपयोग गर्ने,
- प्रदेश अन्तर्गत सञ्चालन हुने संघिय कृषि विकास कार्यक्रम, आयोजनाको समन्वय तथा कार्यान्वयन विन्दुको रुपमा कार्य गर्ने,
- स्थानीय तह र कार्यरत जनशक्तिको क्षमता विकास सम्वन्धी कार्य गर्ने,
- स्थानीय समस्यामा आधारित स-साना अध्ययन परिक्षण तथा भ्यालिडेशन परीक्षण सन्चालन गर्ने,
- स्थानीय तहको क्षमताले नभ्याउने प्रकृतिका विशेषज्ञ प्राविधिक सेवा टेवा,
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत कमाण्डक्षेत्र भित्रका पकेट, व्लक, जोन तथा सुपरजोनहरुको लागि प्राविधिक सेवा टेवा,

शिव प्रसाद अर्याल
प्रमुख

- एग्रो इकोलोजकिल जोन अनुसारको प्राथमिकता प्राप्त बाली बस्तु विकासको योजना, मूल्य अभिवृद्धि श्रृंखला विकास तथा कार्यान्वयनको समन्वय
- स्थानयि तहका कृषि विकासका इकाईहरुबाट कृषि सम्वन्धि तथ्याँङ्क सँकलन तथा अध्यावधिक गर्ने ।

५. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

| क.सं | पद | तह | समूह | स्वीकृत दरवन्दी | पदपूर्ती | रिक्त | कार्य विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख | नवौं/दशौं | समुहकृत नहुने | १ | १ | ० | कार्यालय सञ्चालन तथा व्यवस्थापन | |
| २ | कृषि प्रसार अधिकृत | सातौं/आठौं | कृषि प्रसार | १ | ० | १ | कृषि प्रविधि प्रसार तथा प्राविधिक सेवा | १ जना बा.सं.अ.र १ जना बा.वि.अ.कामकाजमा |
| ३ | बागवानी विकास/ बाली संरक्षण अधिकृत अधिकृत | सातौं/आठौं | बागवानी | १ | १ | ० | कृषि प्रविधि प्रसार तथा प्राविधिक सेवा | |
| ४ | प्रा.स/ अधिकृत | पाचौं/छैठौं | कृषि प्रसार/बाली संरक्षण | १ | ० | १ | कृषि प्रविधि प्रसार तथा प्राविधिक सेवा | २ जना प्रा.स. हरु कामकाजमा रहेको |
| ५ | प्रा.स/ अधिकृत | पाचौं/छैठौं | एग्रीईको | १ | १ | ० | कृषि प्रविधि प्रसार तथा प्राविधिक सेवा | |
| ६ | ना.सु/ अधिकृत | पाचौं/छैठौं | प्रशासन | १ | १ | ० | जिन्सी तथा प्रशासनिक व्यवस्थापन | |
| ७ | लेखापाल/ अधिकृत | पाचौं/छैठौं | लेखा | १ | ० | १ | आर्थिक प्रशासन सम्बन्धी | |
| ८ | ह.स.चा | - | मेकानिकल | १ | १ | ० | सवारी चलाउने | |
| ९ | का.स | - | - | १ | १ | ० | कार्यालय सरसफाई तथा अन्य सहयोग | |
| | | | जम्मा | ९ | ६ | ३ | | |

शिव प्रसाद अर्याल
प्रमुख

६. निकायबाट प्रदान गरिने सेवा

| क्र.सं | प्रदान गरिने सेवा | सम्बन्धीत शाखा |
|---|---|---|
| १ | बजेट, कार्यक्रम तथा तथ्याङ्क सम्बन्धी जानकारी | योजना तथा तथ्याङ्क शाखा |
| २ | सञ्चालित कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन एवं प्रगती विवरण | योजना तथा तथ्याङ्क शाखा |
| ३ | कृषि सम्बन्धी तथ्याङ्क संकलन, विश्लेशण, अधावधिक एवं संम्प्रेषण | योजना तथा तथ्याङ्क शाखा |
| ४ | कृषि बजार एवं पूर्वधार विकास सम्बन्धी प्राविधिक सेवा | कृषि प्रविधि तथा विस्तार शाखा |
| ५ | खाद्यान्न तथा औद्योगिक बाली सम्बन्धी प्राविधिक सेवा | बाली प्रवर्द्धन शाखा |
| ६ | कृषि सामाग्रीहरुको आपूर्ती व्यवस्थापन, गुणस्तर नियन्त्रण तथा सूचना सम्प्रेषण | योजना तथा तथ्याङ्क शाखा |
| ७ | माटो व्यवस्थापन सम्बन्धी प्राविधिक सेवा | बाली प्रवर्द्धन शाखा |
| ८ | फलफूल, तरकारी, पुष्प बाली विकास तथा जैविक विविधता संरक्षण सम्बन्धी प्राविधिक सेवा | बाली प्रवर्द्धन शाखा |
| ९ | बाली संरक्षण, विषादी व्यवस्थापन तथा प्लान्ट क्वारेन्टाईन सम्बन्धी प्राविधिक सेवा | बाली प्रवर्द्धन शाखा |
| १० | मौरी पालन, च्याउ खेती तथा रेशम खेती सम्बन्धी प्राविधिक सेवा | बाली प्रवर्द्धन शाखा |
| ११ | बाली उत्पादरोपरान्त क्षति व्यवस्थापन, भण्डारण तथा प्रशोधन सम्बन्धी प्राविधिक सेवा | कृषि प्रविधि तथा विस्तार शाखा |
| १२ | कृषि यन्त्र औजानर तथा फर्म मेसिनेरी सम्बन्धी प्राविधिक सेवा | कृषि प्रविधि तथा विस्तार शाखा |
| १३ | कृषि प्रविधिहरुको विस्तार र प्रसार प्रसार तथा सम्बन्धीत निकायहरुसंग समन्वय | कृषि प्रविधि तथा विस्तार शाखा |
| १४ | वार्षिक प्रगती प्रतिवेदन तथा अन्य प्राविधिक प्रकाशनहरु वितरण | प्रशासन शाखा |
| १५ | प्रशासनिक तथा आर्थिक जानकारी एवं अन्य सेवा | प्रशासन शाखा |

शिव प्रसाद अर्याल
प्रमुख

७. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| क.सं | शाखा | जिम्मेवार अधिकारी |
|---|---|---|
| १ | प्रशासन शाखा | शिवहरी मरासिनी/ टंक प्रसाद पंगेनी |
| २ | कृषि प्रविधि तथा विस्तार शाखा | राजेन्द्र यादव/ विनोद श्रीवास्तव |
| ३ | बाली प्रवर्द्धन शाखा | अरबिन्द मणि त्रिपाठी/मानदेव चौधरी/ जिवन ज्ञवाली |
| ४ | योजना तथा तथ्याङ्क शाखा | मातिवर यादव |

८. सेवा प्राप्त गर्ने लाग्ने दस्तुर र अवधि

कृषि ज्ञान केन्द्रबाट उपलब्ध हुने सुबिधामा कुनै दस्तुर लाग्दैन र तुरुन्त उपलब्ध हुनेछ ।तर वीउविजन इजाजतपत्र तथा नविकरण गर्दा नियमानुसारको दस्तुर लाग्दछ।

९. निर्णय प्रकृया र अधिकार

सेवाको लागि कार्यालयमा सम्पर्क गर्ने वा निवेदन पेश गर्ने । प्राविधिक जानकारी तुरुन्त सम्बन्धित शाखा वा कर्मचारीबाट लिन सकिनेछ ।

१०.निर्णय उपर उजुरी सुन्ने अधिकारीः कृषि ज्ञान केन्द्र, रुपन्देहीको प्रमुख श्री शिव प्रसाद अर्याल

११. सम्पादन गरेको कामको विवरणः

| क.सं | सम्पादन भएका कामको विवरण | अवस्था |
|---|---|---|
| १ | स्वीकृत अनुदान कार्यक्रमहरुको सूचना आव्हान | हालसम्म सम्पादन गर्ने कार्यक्रमहरु सूचना आव्हान भएको |
| २ | चालु आ.व.२०८०/०८१को वार्षिक स्वीकृत कार्यक्रमको सार्वजनिकीकरण | प्रथम त्रैमासिकमा सम्पन्न भएको |
| ३ | स्थानीय तहका प्राविधिकहरुसंग अन्तरक्रिया गोष्ठी | प्रथम, दोस्रो र तेस्रो त्रैमासिकमा सम्पन्न भएको |
| ४ | स्थानीय तहमा प्राविधिक कर्मचारी (करार) संग अन्तरक्रिया/छलफल | प्रथम, दोस्रो र तेस्रो त्रैमासिकमा सम्पन्न भएको |
| ५ | बाली वस्तु विशेष सघन ब्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम(तोरी/तरकारी) | तोरी बालीमा कार्यक्रम सम्पन्न भई भुक्तानी भइ सकेको |

शिव प्रसाद अर्याल
प्रमुख

| | | |
|---|---|---|
| ६ | पि.बि.एस. बीउ आलु वितरण | ६००० दाना पि.बि.एस. बीउ आलु वितरण गरि भुक्तानी भइसकेको |
| ७ | टि.पि.एस. बीउ आलु वितरण | ३.५ केजी वितरण गरि भुक्तानी भइसकेको |
| ८ | स्मार्ट कृषि गाउँ कार्यक्रम | दोगहरी स्मार्ट कृषि गाउँ कार्यक्रम सि.न.पा.-१०, ३ वर्ष सम्म निरन्तर सञ्चालन भइ यस चालु आ.व.मा कार्यक्रम् सञ्चालन नगर्ने मौखिक जानकारी प्राप्त भएको तथा गैडहवा स्मार्ट गैडहवा-७ संग सम्झौता र कायदिश दिइ कार्यक्रम सञ्चालन भइरहेको |
| ९ | घुम्ती स्थलगत तालिम | २ पटक सम्पन्न भइ सकेको |
| १० | विभिन्न कृषिसंग सरोकारवालाहरुसंगको बैठक | २ पटक सम्पन्न भइ सकेको |
| ११ | बाली उपचार शिविर | मायादेवी गा.पा.-०१ धमौलीमा सञ्चालन गरिएको |
| १२ | जिल्लास्तर अगुवा कृषक तालिम | १ पटक सम्पन्न भइसकेको |
| १३ | वार्षिक पुस्तिका प्रकाशन | सम्पन्न भइसकेको |
| १४ | किटबक्सबाट माटो परीक्षण कार्यक्रम | विश्व माटो दिवसको अवसरमा माटो परिक्षण कार्य कार्यालय परिसर भित्र शूरुवात गरि नमूना परीक्षण भइ रहेको |
| १५ | ब्लक विकास कार्यक्रम मकैबाली | प्राविधिक समिति बाट अनुगमन गर्दा कार्यविधि अनुसारको मापदण्ड पूरा नभएकोले छनौट हुन नसक्ने |
| १६ | सिचाइ सहित कृषि विकास कार्यक्रम | अनुदानग्राहीहरु छनौट भई सम्झौताको क्रममा रहेको |
| १७ | व्यवसायिक तरकारी खेती कार्यक्रम(रोहिणी र सि.न.पा.) को लागि | ३ पटक सम्म सूचना प्रकाशनमा ४ जना कृषक छनौट भइ सम्झौताअनुसार कार्यक्रम सञ्चालन भइ रहेको र १ जनाको भुक्तानी समेत भइ सकेको |
| १८ | प्राविधिक सेवा | निरन्तर भैरहेको |
| १९ | कार्यालय व्यवस्थापन | निरन्तर भैरहेको |
| २० | बीउ विजन, विषादी, मल बिक्रेताहरुको पसल अनुगमन | २ पटक सम्पन्न भइ सकेको |
| २१ | कृषि उपजहरुको बजार थोक र खुद्रा पाक्षिक | निरन्तर भैरहेको |

शिव प्रसाद अर्याल
प्रमुख

| | | |
|---|---|---|
| | मूल्य संकलन | |
| २२ | प्रविधि प्रदर्शन कार्यक्रम | ७० कट्ठामा चैते धान गैडहवा र तिलोत्तमा न.पा.भित्र र मिल्की च्याउ मायादेबी गा.पा.मा सञ्चालन भइ रहेको |
| २३ | बाली संरक्षण सेवा कार्यक्रम | देवदह न.पा. मा आलु बालीमा र सैनामैना न.पा.मा फलफूल बालीमा संचालन भएको |
| २४ | कृषि सहकारी मार्फत कृषि प्रसार कार्यक्रम | सूचना आव्हान भइ २ वटा प्रस्तावहरु प्राप्त भएको |
| २५ | मागमा आधारित साना कृषि यन्त्र उपकरण वितरण (सि.न.पा.-४) | सूचना प्रकाशन भइ २६ वटा प्रस्तावहरु प्राप्त भएको |
| २६ | हिउदे/बर्षे फलफूल विरुवा वितरण कार्यक्रम | सूचना प्रकाशन भइ ३ वटा प्रस्तावहरु प्राप्त भएको |
| २७ | बिज बृद्धि कार्यक्रम(धान बाली) | सूचना प्रकाशन भइ ६ वटा प्रस्तावहरु प्राप्त भएको |
| २८ | महिला लक्षित मिनिकीट बितरण कार्यक्रम | बिभिन्न तरकारीबालीका बीउ कीट तयार गरि १००० जना महिलाहरुलाइ वितरण गरि कार्यक्रम सम्पन्न भइ सकेको |

१२. सूचना अधिकारी, सहायक सूचना अधिकारी र प्रमुखको नाम र पद

१३. सूचना अधिकारी

राजेन्द्र यादव

बाली संरक्षण अधिकृत (आठौं)

९८५७०५२९२९

कार्यालय प्रमुख

शिव प्रसाद अर्याल

प्रमुख

९८५७०५२९२८

१४. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरणः

आ.व २०८०/८१को कुल विनियोजित बजेट –रु. ७३७०२०००।-

चालु - रु. ७३६०२०००।– खर्च – रु. १२७११६००।-

पुँजीगत- रु. १०००००।– खर्च- रु. ८३७९०।–

शिव प्रसाद अर्याल

प्रमुख

१५.अघिल्लो आ.व मा संचालन भएका कार्यक्रमहरुः अनुदान सहयोग, प्राविधिक सेवाटेवा आदी

१६.कृषि ज्ञान केन्द्रको वेभसाईट *rupandehi.akc.gov.np* रहेको छ।

साथै कृषि ज्ञान केन्द्र, रुपन्देही नामक facebook page समेत रहेको छ।

कार्यालयबाट संचालित लक्ष्य नतोकिएका मुख्य कृयाकलायहरु :

- कृषिसँग सम्बन्धित विभिन्न तथ्याङ्क संकलन तथा अध्यावधिक गरिएको।
- स्थानीय तहहरुसंग समन्वय गरिएको।
- रासायनिक मलको आपूर्ती व्यवस्थामा सहज़िकरण।
- करारका कृषि प्राविधिहरुको परिचालन।
- अन्य प्राविधिक सेवा।

१७.सूचना माग र सूचना प्रदान गरिएको सम्बन्धी विवरणः लिखित रुपमा कुनै सूचना माग नभएको तर मौखिक रुपमा टलिफोन र व्यक्तिगत सम्पर्कबाट अनुदान सम्बन्धी तथा कृषि तथ्याङ्क सम्बन्धी माग भए बमोजिमका सूचना निरन्तर प्रदान गर्ने गरेको ।

१८.यस कार्यालयको अनुदान सम्बन्धी सूचनाहरु रेडियो, वेभसाईट, फेसबुक पेज कार्यालयको सूचना पाँटी, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वियन एकाईको तथा स्थानिय तहको सूचना पाँटीमा टाँस गरी सूचना प्रवाह गर्ने गरेको ।

शिव प्रसाद अर्याल
प्रमुख